# कनकासुन्दरी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०८१

बिषय सुची


१. पृष्ठभुमि.....................................................................................................३

२. कनकासुन्दरी गाउँपालिकाको परिचय ..................................................................४

३. अध्ययनको महत्व.............................................................................................५

४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणका उद्देश्य...............................६

५. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणका क्षेत्रहरु.............................७६

६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको विधि र तरिका ...................७

७. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यशालाका सहभागीहरु...........९

८. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको विधि र औजार....................११

८.१ विधी

८.२ औजार

९. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणकबाट लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवस्था.....................................................................................१२

९.१ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण पछि प्रमुख सूचकहरुले प्राप्त गरेको अंकको लेखाजोखा

९.२ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण अवस्थालाई माकुरे जालो, स्तम्भ चित्र विश्लेषण अवस्था...................................................................१४

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणका सवल पक्ष सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु.................................................................................१६

११. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्ययोजना ...........................१८

१२ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणबाट प्राप्त उपलब्धी....................२६

१३. निश्कर्ष.........................................................................................................२७

१४. सुझावहरु.......................................................................................................२८

१५. अनुसूचीहरुः अभिमुखीकरण कार्यक्रमको अवधीमा लिएका संकलित छायाँचित्रहरु............२९

## १. पृष्ठभुमिः

समाजमा जगडिएर रहेको कुसस्कार ,कुरिति,जातीय धार्मिक सामाजिक,आर्थिक तथा सास्कृतिक बिभेद, लिङ्ग बर्ण र भाषिक,सेवा प्रदान तथा सेवा लिने बिषयमा थुपै बिभेद अहिलेपनि हाम्रो समाजमा बिधमान रहेको छ । राज्यको सबै क्षेत्र र स्थानमा थुपैखाले बिभेद आजपनि समाजमा कायम रहदै आएको र निवारण नभएको सर्न्दभमा बिभिन्न कानूनी व्यवस्था पनि नभएका होईन्न । तरपनि बिभेदजन्य अवस्था कम भएको देखिदैन । यस्तो अवस्थालाई मध्येनजर दिई राज्यले लैङ्गिक विभेद अन्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा सहभागीता र प्रतिनिधित्व सहित समतामूलक समाजको निर्माण गर्ने परिकल्पनाको प्रावधान नेपालको बर्तमान संविधानले प्रस्ताबनामा नै उल्लेख गरेको छ । साथै, संविधानको धारा १८ समानताको हकमा सबै नागरिकहरु कानूनको दृष्टिमा समान रहने र धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपांङ्गता, आर्थिक अवस्था, भाषा वा क्षेत्र वा अन्य कुनै आधारमा भेदभाब गरिने छैन भन्ने व्यवस्था गरिएको छ । धारा ३८ले महिलालााई समान बंशीय अधिकार,सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्ध लैङ्गिक,धार्मिक, आर्थिक,सामाजिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिसाजन्य कार्य वा शोषण गरेमा दण्डनीय हुने व्यवस्था राखिएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी र प्रतिनिधित्व हुने अधिकारको व्यवस्था गरिएको छ । साथै, शिक्षा ,स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने हकको व्यवस्था समेत गरेको छ । संबिधानमा व्यवस्था भएको सामाजिक न्यायको हकले राज्यको हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा जनताको सहभागिताको अधिकार स्थापित गरि संविधान पद्धत हक अधिकारहरुको कार्यन्वयन गर्न तथा समानुपातिक समावेशीताको आधारमा राज्य संरचनाको सबै तहमा महिला , दलित, आदिवासी जनजाति, मधेशी , अपांङ्गता,मुश्लिम , पिछडिएको वर्ग ,यौनिक अल्पसंख्यक लगायतका क्षेत्रबाट सबैलाई अपनत्व हुने गरी निर्माण भएका कानूनहरु जस्तै संविधान, ऐन, नियम, नीति कार्यक्रम,योजनालाई कार्यान्वयन गर्नका लागि राज्यको तिनै तहको सरकार र मातहतका निकायहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रवाहीकरण प्रक्रियालाई सस्थागत र व्यवहारिकता प्रदान गर्न आवश्यक रहेको छ । महिला, पुरुष र यौनिक अल्पसंख्यकको समानुपातिक सक्रिय सहभागीता र विकासबाट नै समग्र समाजको विकास हुन जान्छ । समानुपातिक, समाबेशी र समतामुलक विकास आजको आवश्यकता हो । परिवार र राज्यको समग्र बिकासमा महिला, पुरुष र यौनिक अल्पसंख्यकहरुको समान र अर्थपुर्ण सहभागिता, दायित्व र योगदान हुन आवश्यक देखिन्छ । मुलत समाज र राष्ट्रको बिकासमा महिला ,पुरुष र यौनिक अल्पसंख्यकहरुको समान

महत्व रहेको भएपनि  समाजमा  आजपनि  समानता हुने अवस्था  देखिदैन ।  देशको कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेको महिला,राज्यको मुल प्रवाहमा आउन नसकेका दलित,अपांगता भएका व्यक्ति,आदिबासी जनजातिहरुको विकासमा राज्यले विभिन्न अन्तर्राष्ट्रिय कानूनमा  गरेको प्रतिवद्धता समयमा पुरा गर्न राष्ट्रका सबै निकायबाट विशेष जोड दिनु पर्ने देखिन्छ ।  बर्षौदेखि जातजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा  विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरु राज्यको मुल प्रवाहमा अहिलेपनि आउन नसेकोले तिनिहरुको बिकास हुन सकेको छैन । देशमा भएको यस्तो सामाजिक बिकासले बिभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्म,पछाडि पारिएका हरुको बिकासको अवस्थाको चित्रण स्पस्ट  देखिन्छ । नेपालले बिभिन्न समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता अनुरुप राज्यका तिनै तहको सरकार र मातहतका निकायहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण, आन्तरिकीकरण र संस्थागत गर्न आवश्यक देखिएको छ ।  बिकास गर्ने उदेश्य राखी  ऐन ,कानन,नीति,तथा कार्यक्रमहरु  बनाउदापनि लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण प्राथमिकतामा नर्पनु ,परेपनि व्यवहारिक कार्यान्वयन नगरिनु, लैससास प्रतिको बुझाई महिला मात्र हो भन्ने बुझाई हुनु, भौतिक बिकासलाई मात्र प्राथमिकता दिएर सामाजिक बिकासको पाटो ओझेलमा पर्नुले पनि समाबेशी,समातामुलक बिकास हुन नसकेको प्रष्ट देखिन्छ  । तर्सथ  राज्यबाट,समाजबाट गरिने यस्ता खाले बिभेदहरुलाई हटाउनका लागि नीति,कानुन, कार्यबिधि,ऐन  र सोही बमोजिमका कार्यक्रम तर्जुमा गर्दा लैससासमैत्री बनाई राज्यका सबै तह र निकायहरुमा  लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिलाई व्यवहारिक र कार्यक्रम हिसावले आन्तरिकरण गरि पुर्ण कार्यान्वयको बाताबरण बनाउनुपर्ने आवश्यक्ता  रहेको छ । साथै राज्यका तिनै तह र मातहतका निकायहरुबाट लैससासमैत्री ऐन,नियम बनाई सोही अनुसारका कार्यक्रमलाई प्राथमिकता दिई बार्षिक रुपमा  लैससास परीक्षण गर्न आवश्यक रहेको छ । त्यसैले ,बार्षिक रुपमा हरेक तह र निकायहरुको लैससास परीक्षण गर्नको लागि छुट्टा छुट्टै नीतिको व्यवस्था भएपनि  स्थानीय तहको लैससास अवस्था  परीक्षणका लागि  संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८  र प्रदेश तथा मातहतका निकायको परीक्षणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि , २०७७ ल्याई कार्यान्वयनमा रहेको छ । तर्सथ थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८तथा  प्रदेश तथा मातहतका निकायको परीक्षणको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि , २०७७ बनेको हुदा दुवै मकानुनलाई प्रभावकारी रुपमा व्यवहारिक कार्यान्वयन गरि समाजमा  हुने लैससास सम्बन्धी असमानताहरु न्यूनिकरण गर्न सहयोग पुग्ने देखिन्छ ।

## २. कनकासुन्दरी गाउँपालिकाको परिचयः

राज्यका ७५३ वटा स्थानीय तहहरु मध्ये कनकासुन्दरी गाउँपालिका खस भाषाको उदगम थलो मानिने जुम्ला जिल्लाको सिंजा क्षेत्रको केन्द्र बिन्दुमा अवस्थित रहेको छ । यस गााउँपालिकाको नामाकरण गाउँपालिकाको प्रख्यात कनकासुन्दरी मन्दिरको नामबाट भएको हो । समुन्द्री सतह देखि २५१४ मिटर सम्मको उचाईमा रहेको कनकासुन्दरी गाउँपालिका भौगोलिक अवस्थितिका हिसावले २९ डिग्री २४ मिनेट ४९ सेकेन्ड उत्तरि अक्षांस र ८२ डिग्री ० मिनेट ५५ सेकेन्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलंगा देखि करिब ५५ किमि दुरीमा पश्चिम भागमा रहेको छ । यस गाउँपालिकाको पुर्वमा पातारासी गाउँपालिका, पश्चिममा कालिकोट जिल्लाको पलाता गाउँपालिका , उत्तरमा मुगु जिल्लाको खत्याड गाउँपालिका, दक्षिणमा सिंजा गाउँपालिकासँग सिमाना जोडिएको छ । जुम्ला जिल्लाको कुल भुभाग ८.११ प्रतिशत ओगट्ने यस गाउँपालिकाले २२५.३९ बर्ग किमि भुभाग ओगटेको छ । जुम्ला जिल्लामा अवस्थित कनकासुन्दरी गाउँपालिका कर्णाली प्रदेश अर्न्तगतको उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो । साविकक बुम्रमाडीचौर,मालिकाबोता,कनकासुन्दरी बिराट, र पाण्डवगुफा गा.बि.स मिलेर बनेको गाउँपालिका मा ८ वडा कार्यालय सँगै यहाँको भौगोलिक अवस्थिति,ऐतिहासिक चिनारी र प्राकृतिक तथा सास्कृतिक उत्कृष्ठता बिकासका प्रचुर सम्भावना रहेको छ । नामाकरणको सर्न्दभमा गाउँपालिकाको नामाकरण हाल वडा नं ४ मा रहेको प्रसिद्ध मन्दिर कनकासुन्दरी देविको मन्दिरको नाममा यस गाउँपालिकाको नामाकरण भएको हो । कनकासुन्दरी मन्दिर यस क्षेत्रकै प्रसिद्ध धार्मिक पिठ हो । गाउँपालिकाको कुल क्षेत्रफलको करिब ५५.३६ प्रतिशत बनक्षेत्र, २६.२० प्रतिशत भुभाग घासे मैदान वा चरण क्षेत्र र १५.१३ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । गाउँपालिकालाई मुल क्षेत्र बनाएर अविरण वगिरहने हिमा नदि महेन्द्रमल्लि खोला,छलसेरी खोला,धोवीघाट खोला,लेतेगाड,जियगाड,न्याउरीगाड खोलाहरु यहाँका प्रकृति सम्पदाको साथै सिचाई कुलो गर्न महत्वपुर्ण रहेका छन । जैविक विविधताको हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाईने जिव अर्ना,थार,कस्तुरी, सुगुर,झारल, घोडल,डाफे, कालिज,क्याडेभ्याकुर आदी जिवहरु मुख्य रुपमा रहेका छन ।

## ३. अध्ययनको महत्वः

तिन तहको राज्य पुर्नसंरचना भएपछि देशमा ७ वटा प्रदेशहरुमा बाडिएको छ । देशका अन्य प्रदेश भन्दा कर्णाली प्रदेश आफैमा बिबिधितताको दृष्टिकोणले भरिपुर्ण भएतापनि बिकासको दृष्टिकोणबाट अन्य प्रदेश भन्दा पछि नै रहेको देखिन्छ । कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहहरुमा अहिलेपनि आर्थिक ,सामाजिक तथा सास्कृतिक लैङ्गिक विभेद,जातीय छुवाछुत,धार्मिक, भाषिक बर्गीय ,क्षेत्रीय बिभेद लगायतका समस्या बिधमान अवस्थामा नै रहेका छन । यस्ता असमानताहरुको अन्त्य गदै अहिले पनि व्यवहारिकरुपमा कार्यान्वय हुन सकिरहेको छैन । यस्तो अवस्थामा कनकासुन्दरी गाउँपालिका अछुतो हुने कुरै भएन । तर्सथ

कनकासुन्दरी गाउँपालिका भित्रका माथि उल्लेखित बिभेदजन्य अवस्थालाई न्यूनिकरण गरि समानुपातिक, समावेशी र सहभागिता मूलक सिद्धान्तकका आधारमा समतामूलक समाजको निमार्ण गर्ने परिकल्पना सफल पार्न तथा पालिकाको नीति निर्माण, बजेट, योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मैत्री बनाउनको लागि लैससास परीक्षणको महत्व रहेको छ । त्यसैगरी पालिकाको लक्ष्य, ध्येय, उदेश्य र कार्यक्रमहरु लैससास संवेदनशील भए नभएको लेखाजोखा गर्न पनि परीक्षणले सहयोग गर्छ । कनकासुन्दरी गाउँपालिकाले लिएको नीति बमोजिम तय भएका लैससास सम्बन्धी ऐन,नीति,कार्यबिधि तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था के कस्तो रहेको छ ? लैससास सम्बन्धी पालिकाका राम्रा पक्ष के कस्ता छन ? । सुधार गर्नुपर्ने पक्ष के के छन ? । कस्ता खालका कार्यक्रमहरु तर्जुमा गर्दा लैससास सम्बन्धी सम्बोधन गर्न सकिन्छ ? भन्ने लगायतका बिषय पहिचान हुने हुदा पहिचान भएका बिषयका आधारमा आगामि वर्षको योजना तर्जुमा गर्नको लागि दिशानिर्देश गर्दछ । यस परीक्षणले पालिकाको बजेट, योजना तथा कार्यक्रमको मात्र लेखाजोखा नभई लैससासको दृष्टिकोणबाट पालिकाको हालको अवस्थालाई समेत प्रष्ट पार्दछ । समाजमा भएको कुसस्कार,कुरितिहरुलाई न्युनिकरण गर्न, राज्यका हरेक निकायहरुबाट हुने असमान व्यवहारलाई हटाई लैससासमैत्री बनाउन, राज्यको मुलप्रवाहमा आउन नसकेका व्यक्ति, समुदाय र बर्गलाई सकारात्मक बिभेद सहितको व्यवहार मार्फत मुलप्रवाहीकरण गर्न, पालिका तथा राज्यका हरेक निकायहरुबाट हुने तालिम कार्यक्रम,सेमिनार,गोष्टी,योजना तर्जुमा ,नीति निर्माणमा महिला ,दलित,अपांङ्गता,आदिबासी जनजाती,यौनिक अल्पसंख्यक,पछाडि पारिएका व्यक्ति र समुदाय तथा लक्षितबर्गको सक्रिय तथा अर्थपुर्ण सहभागीतालाई बृद्धि गर्नुका साथै बजेट,कार्यक्रम तथा सेवालाई न्यायोचित बितरण गरि सबै समुदायको अपनत्वको महशुष हुने गरि समतामुलक समाज निर्माण गर्न लैससास परीक्षणको महत्व रहेको छ ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उदेश्यः

- नेपालको संबिधान,स्थानीय शासन संञ्चालन ऐन २०७४,बमोजिम व्यवस्था भएको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण निर्देशिका बमोजिम स्थानीय सरकारबाट अंगिकार गरेको नीतिगत व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको स्व-लेखाजोख गर्न ।
- कनकासुन्दरी गाउँपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको वर्तमान अवस्थाको विश्लेषण गर्नु ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट कनकासुन्दरी गाउँपालिकाका राम्रापक्षहरुको पहिचान गरि प्रभावकारी कार्यान्वयनमा थप बढवा दिने बाताबरण निर्माण गर्न ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट पहिचान भएका सुधार गर्नुपक्षहरुलाई पालिकाले बिशेष कार्ययोजना बनाएर सम्बोधन गर्न ।
- कनकासुन्दरी गाउँपालिकाले निर्माण भएका ऐन, नियम, कार्यबिधी, नियमावली, नीति तथा कार्यक्रमहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी दिगो बिकासका लागि कार्ययोजना बनाएर काम गर्न ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट पालिकालाई लैङ्गिकमैत्री, अपांङ्गतामैत्री, बालमैत्री भौतिक संरचना निर्माण गर्नुका साथै सामाजिक समावेशीकरण कार्यस्थलको निर्माण गर्न ।
- पालिकाकाका नीति,कार्यक्रम,योजना,बजेटलाई लैङ्गिक उत्तरदायी बनाई समग्रमासमानता समानुपातिक समाबेशी र न्यापुर्ण समाजको निर्माण गर्न ।
- नीति,कानून,योजना,बजेट कार्यकम,अनुगमनतथा मुल्याङ्कनमा लैससास मुलप्रवाहीकरण गरी योजनाबद्ध रुपमा पिछडिएको समुदायको सशक्तिकरण गर्न ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेट्ने क्षेत्रहरु :

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण गर्दा कनकासुन्दरी गाउँपालिकाले निर्माण गरेका बिभिन्न कानूनी दस्तावेजहरु, कपालिकाको बार्षिक नीति, योजना, कार्यक्रमहरुले लैससास क्षेत्रलाई के कति समेटेको छ ?लैङ्गिक समताको सिद्धान्त, समबिकासको सिद्धान्त,समाबेशीकरणको सिद्धान्त तथा लैङ्गिक उत्तरदायित्वको सिद्धान्त,अनुगमन,मुल्याङ्कन, प्रतिवेदन निर्माण, लक्षित बर्गको सक्रिय र अर्थपुर्ण सहभागीता,लैससासका लागि बजेट बिनियोजन,कर्मचारी,जनप्रतिनिधिहरुको बिभिन्न कार्यक्रममा समाबेशी रुपमा प्रतिनिधित्व लगायतका बिषयहरुको अध्ययन गरिएको छ । साथै, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नीति,कार्यबिधि २०७८ले लिएको लक्ष्य बमोजिम लैङ्गिक समानताको सिद्धान्त,समबिकासको सिद्धान्त, समाबेशीकरणको सिद्धान्त लैङ्गिक उत्तरदायित्वको सिद्धान्तलाई आत्म साथ गदै कनकासुन्दरी गाउँपालिकाको नीति तथा कार्यक्रम, अनुगमन लगायतका बिषयमा कार्यान्वयन गर्नुपर्ने आवश्यक रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नीति,कार्यबिधि २०७८ले तोके बमोजिम ५ वटा मुल सुचक ,२२ वटा उपसुचकहरु रहेकोमा नीति, कानून र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता बिकास,सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व लगायतका ५ वटा मुख्य क्षेत्र रहेको र यस अर्न्तगत २२ वटा उपक्षेत्रहरु अध्ययनका क्षेत्रहुन हुन रहेका छन । यस्तै २२ वटा उप सुचकहरुमा नीति,कानुनमा समाबेशी/सहभागीता , योजना तर्जुमा र कार्यान्वयन, बजेट तर्जुमा तथा कार्यान्वयन, कर्मचारी पदाधिकारी प्रतिनिधित्व, कार्य प्रणाली समाबेशी, समिति,उपसमिति र कार्यदलमा प्रतिनिधित्व, कार्य प्रणालीमा समाबेशीकरण,बित्त व्यवस्थापन प्रर्णालीमा समाबेशीता,तथ्यांङ्क संकलन तथा व्यवस्थापन,मानव संसाधन तथा क्षमता बिकास, अनौपचारिक मुल्य मान्यता र कुसस्कार बिरुद्ध जनचेतना, कानुनी साक्षरता, बिपद व्यवस्थापनमा समाबेशीता, पुर्वाधार बिकास, प्रजन्न स्वास्थ्य,शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई,स्वरोजगार तथा आर्य आर्जन र बजार व्यवस्थापन, सुशासन,उत्तरदायित्व र जवाफदेहीता, सुचना तथा संचार,अनुगमन तथा मुल्यांङ्कन, समन्वय तथा सम्बन्ध बिस्तार, लगायतका उपक्षेत्रहरु लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणका अध्ययनका क्षेत्रहरु रहेका छन ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको बिधि र तरिका

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बिरेन्द्रनगर सुर्खेत तथा कनकासुन्दरी गाउँपालिकाको सयूक्त आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति सम्बन्धी ३ दिने अभिुमखीकरण कार्यक्रम तयारी चरण,कार्यान्वयन चरण र प्रतिवेदन चरण गरी तिन चरणमा सम्पन्न गरिएको छ ।

### क) तयारी चरण :

- यस चरणमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बिरेन्द्रनगर सुर्खेत तथा कनकासुन्दरी गाउँपालिकाको बिचमा पचाचार भई लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति सम्बन्धी ३ दिने अभिुमखीकरण सम्पन्न गर्न सम्झौतागर्ने कार्य भएको थियो । त्यसपछि गाउँपालिका र प्रदेश बिचमा बारम्बार फोन मार्फत कार्यसम्पन्न गर्ने बिषयमा कुराकानी भएअनुसार पालिकाको महिला तथा बालबालिका शाखाकी शाखा प्रमुख राजिन्द्र महतले पालिकाका पदाधिकारी,प्रमुख प्रशासकीय अधिकृत ,बिषयगत शाखाका प्रमुख र अन्य कर्मचारीहरु र कार्यक्रमको सहजकर्ता राष्ट्रिय मानव अधिकार आयोग,कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाका कार्यालय प्रमुख धनराज शाहीसँग समेत पत्राचार सहित समन्वय कार्यक्रमको मिति,स्थान, समय (२०८१ साल जेष्ठ २७ देखि २९ गतेसम्म तोकि सहभागीहरु तथा सहजकर्तालाई जानकारी तथा पत्राचार गरिएको थियो ।

### ख) कार्यान्वयन चरण:

- यस चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम मिति २०८१ साल जेष्ठ २७ देखि २९ गते सम्म कनकासुन्दरी गाउँपालिकाको सभाहलमा पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु र राष्ट्रिय मानव अधिकार आयोग,कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाका कार्यालय प्रमुख धनराज शाही सहितको सहभागीतामा ३ दिने अभिमुखीकरण तथा लैससास परीक्षण सम्पन्न गरिएको थियो । लैङ्गिक समानता तथा समाबेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममको उद्घाटन पश्चात तालिमका आचारसंहिता निर्माण, प्रतिवेदक,मुल्याङ्कनकर्ता, व्यवस्थापक,मनोरञ्जकर्ता छनौट गरिएको थियो । लैससास परीक्षण गर्नुपुर्व कनकासुन्दरी गाउँपालिकामा लैससास कार्यान्वयन समिति तथा कार्यदल गठन नभएको हुदा गाउँपालिकाका अध्यक्ष दामोदर प्रसाद आर्चायको अध्यक्षतामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण पालिकास्तरीय कार्यान्वयन समिति तथा उपाध्यक्ष प्रेमकली बुढाको अध्यक्षतामा ५ सदस्यीय परीक्षण कार्यादल गठन गरिएको थियो । त्यसपश्चात सहजकर्ता धनराज शाही ज्यूले लैङ्गिकता,लैङ्गिक समानता ,समता सम्बनधी कानूनी तथा केही अन्य व्यवस्था र स्थानीय स्तरमा सहभागीता, लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको अवधारणा,परीक्षणको अवधी ,महत्व,भुमिका, र परीक्षणका सूचकहरु लगायतको बिषयमा पहिलो र दोस्रो सेसनमा प्रस्तुतीकरण सहित सहजीकरण गर्नु भएको थियो । त्यस्तै,तेस्रो र चौथो सेसनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण गर्दा अंक प्रदान गर्न लैससास दिग्दर्शन २०७८ले व्यवस्था गरेबमोजिम अंक प्रदानका आधार समेत जानकारी गराई ५ वटा मुख्य सुचक र २२ वटा उपसुचकहरुसँग आधारित रहेर तयार गरिएका १०० प्रश्नहरुका आधारमा कनकासुन्दरी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण कार्यशालामा सहभागी जनप्रतिनिधि र कर्मचारीहरुसँग प्रश्नउत्तोर मार्फत घनिभुत रुपमा छलफल तथा परीक्षण गरी प्राप्तांङ्कलाई दिईएको थियो । पाचौ सेसनमा

परीक्षणबाट प्राप्त भएको प्राप्तांङ्कलाई माकुरी जालोमा राखी लैससासको बास्तविक अवस्थालाई चित्रमा प्रष्ट देखाईएको थियो । कार्यशालाका सहभागीहरुलाई उक्त परीक्षणबाट प्राप्त अंक, कार्यशालामा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुको बिचमा भएको समुह कार्यबाट समेत पालिकाका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष,अवसर र चुनौतीहरु पहिचान गरि समुहबाट प्रस्तुतीकरण समेत गरिएको थियो । छैठौ सेसनमा महिला तथा लैङ्गिक मैत्री बजेटका सर्न्दभमा नेपाल सरकारबाट भएका व्यवस्था र स्थानीय तहमा गरिएका अभ्यास सम्बन्धी प्रस्तुतीकरण, सातौ सेसनमा लैससास कार्यशालाबाट पहिचान भएका सुधार गर्नुपर्ने पक्षलाई आधार मानेर कार्ययोजना तयार गरि आगामी बार्षिक नीति तथा कार्यक्रममा योजना निर्माण, आठौ र नबौ सेसनमा पालिकाले बनाएको लैससास नीति तथा कर्णाली प्रर्देश सरकार लैगिंक समानता तथा सामाजिक समाबेशीकरण नीति२०७८,कनकासुन्दरी गाउँपालिका लैगिंक समानता तथा सामाजिक समाबेशीकरण मुल प्रवाहीकरण रणनीति योजना २०७९/८० –२०८३/८४ सम्म सहितको बिषयमा समेत छलफल गरिएको थियो । अन्त्यमा, कार्यशाला फलदायी रहेको र पालिकाबाट आगामी दिनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको अवस्था,आर्थिक,सामाजिक , राजनितिक र शैक्षिक अवस्था सुधार हुने प्रतिबद्धताका साथ ३ दिने कार्यशाला सम्पन्न भएको थियो । माथि उल्लेख गरिएअनुसार लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण पुर्व गठन गरिएको पालिकास्तरीय लैससास कार्यान्वयन समिति तथा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण कार्यदलका पदाधिकारी तपशिल बमोजिम रहेका छन ।

**१. गाउँपालिका अध्यक्षज्यूको संयोजकत्वमा कनकासुन्दरी गाउँपालिकास्तरीय लैससास कार्यान्वयन समितिका पदाधिकारीको विवरण :**

| | | | |
|---|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष दामोदर आर्चाय | - | संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष प्रेमकली बुढा | - | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र भण्डारी | - | सदस्य |
| घ) | धनमान सिंह हमाल | - | सदस्य |
| ङ) | तेज बहादुर जि.सी | - | सदस्य |
| च) | चन्द्रकली बुढा | - | सदस्य |
| छ) | पदमकन्या कामी | - | सदस्य |
| ज) | प्रमुख पेश नेपाल जुम्ला | - | सदस्य |
| झ) | प्रमुख आई.एन.एफ जुम्ला | - | सदस्य |
| ञ) | प्रमुख क्याड नेपाल | - | सदस्य |
| ट) | राजिन्द्र महत | - | सदस्य सचिव |

**२.कनकासुन्दरी गाउँपालिका गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा लैससास परीक्षण कार्यदलका पदाधिकारीहरुको विवरण :**

| | | | |
|---|---|---|---|
| क) | प्रेमकली बुढा | - | संयोजक |
| ख) | दिपेन्द्र भण्डारी | - | सदस्य |
| ग) | बिष्णु बहादुर बडुवाल | - | सदस्य |
| घ) | पदमकन्या कामी | - | सदस्य |
| ङ) | राजिन्द्र महत | - | सदस्य सचिव |

### ग) प्रतिवेदन चरण :

- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सुर्खेक तथा कनकासुन्दरी गाउँपालिका जुम्लाको सयूक्त आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण(GESI Audit) तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम अबधिमा भएका छलफल,परीक्षणबाट प्राप्त भएको प्राप्तांङ्क,समुह कार्य,पहिचान भएका सवल पक्ष,सुधारर्नुपर्ने पक्ष अवसर र चुनौती,यस पालिकाबाट लैससास दृष्टिकोणबाट बार्षिक बिकास कार्यक्रममा समाबेश भएका लक्षित बर्ग र लैङ्गिक उत्तरदायी कार्यक्रम,योजना , ऐन,नीति, कानुन,कार्यबिधिमा भएका व्यवस्था ,लगायत कनकासुन्दरी गाउँपालिकाको समग्र बिषय समेटिएको बिषयलाई स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण निति २०७८ उल्लेख गरिएको प्रतिवेदनको ढाँचा बमोजिम यो प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनमा रहेको लैससास कार्ययोजनालाई लैससास फोकल व्यक्तिको पहलमा गाउँपालिकाको आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा लैससास कार्ययोजनालाई अनिवार्य रुपमा समाबेश गराई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाका सहभागीहरु :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कुनैपनि संगठनको स्व-मुल्याङ्कन प्रक्रिया भएको हो । जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकाले गर्ने नीति,कानून र योजना निर्माण,सस्थागत व्यवस्था,मानव संसाधन तथा क्षमता विकास,सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व लगायतका गतिबिधिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक,यौनिक तथा अल्पसंख्यक, बञ्चितिकरणमा परेका समुदाय र राज्यको मुल प्रवाहीकरणमा आउन नसकेका समुदायहरुलाई राज्यको मुलधारमा ल्याउनका लागि कनका सुन्दरी गाउँपालिकाबाट दिदै आएका सेवा र हुने गतिबिधिहरु लैङ्गिक दृष्टिकोणबाट के कति भएका छन भन्ने उदेश्यले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बिरेन्द्र नगर सुर्खेत तथा कनकासुन्दरी गाउँपालिकाको सयूक्त आयोजनामा मिति २०८१ साल जेष्ठ महिनाको २७ गते देखि ऐ.२९ गते सम्म भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी कार्यशालामा कनकासुन्दरी गाउँपालिकाका तपशिल बमोजिमका निम्न पदाधिकारी तथा कर्मचारीहरुको सहभागीतामा परीक्षण कार्य सम्पन्न भएको हुदा उक्त कार्याशालामा सहभागी भएका पदाधिकारी र कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं : १**

| क्र. सं | सहभागीहरुको विवरण | पद | ठेगाना | लिङ्ग | | | सामाजिक समावेशीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पु. | महिला | अन्य | बा.क्षे. ठकुरी | आ.ज | दलित | अपाङ्गता |
| १ | प्रेमकली बुढा | उपाध्यक्ष | कनकासुन्दरी गा.पा | | महिला | | क्षेत्री | | | |
| २ | दिपेन्द्र भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | कनकासुन्दरी गा.पा | पुरुष | | | क्षेत्री | | | |
| ३ | मान बहादुर कठायत | का.बा अध्यक्ष | वडा नं १ | पुरुष | | | क्षेत्री | | | |
| ४ | गोर्ख बुढा | का.बा अध्यक्ष | वडा नं २ | पुरुष | | | क्षेत्री | | | |
| ५ | बल बहादुर बुढा | का.बा अध्यक्ष | वडा नं ३ | पुरुष | | | क्षेत्री | | | |
| ६ | धनमानसिंह हमाल | वडा अध्यक्ष | वडा नं ४ | पुरुष | | | ठकुरी | | | |
| ७ | बिष्णु बहादुर बडुवाल | वडा अध्यक्ष | वडा नं ५ | पुरुष | | | क्षेत्री | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रेम बहादुर पछाई | वडा अध्यक्ष | वडा नं ६ | पुरुष | | | क्षेत्री | | | |
| ९ | तेज बहादुर जी.सी | वडा अध्यक्ष | वडा नं ७ | पुरुष | | | | आ.ज | | |
| १० | धन बहादुर कामी | वडा अध्यक्ष | वडा नं ८ | पुरुष | | | | | दलित | |
| ११ | नेत्र बहादुर खत्री | सुचना अधिकारी | | पुरुष | | | क्षेत्री | | | |
| १२ | चन्द्रकली बुढा | कार्यापालिका सदस्य | क.सु वडा नं ३ | | महिला | | क्षेत्री | | | |
| १३ | सुर्य बहादुर घर्ती | कार्यापालिका सदस्य | क.सु वडा नं ५ | पुरुष | | | | आ.ज | | |
| १४ | जौसरा कामी | कार्यापालिका सदस्य | क.सु वडा नं ६ | | महिला | | | | दलित | |
| १५ | छटकला सार्की | कार्यापालिका सदस्य | क.सु वडा नं ६ | | महिला | | | | दलित | |
| १६ | पदमकन्या कामी | कार्यापालिका सदस्य | क.सु वडा नं ७ | | महिला | | | | दलित | |
| १७ | बिजुल्ली बुढा | कार्यापालिका सदस्य | कनकासुन्दरी वडा नं १ | | महिला | | क्षेत्री | | | |
| १८ | लाल बहादुर रावत | अधिकृत छैठौं | पशुपंक्षी शाखा | पुरुष | | | क्षेत्री | | | |
| १९ | कृति सिंह जि.सी | ईन्जिनियर | प्राबिधिक शाखा | पुरुष | | | | आ.ज | | |
| २० | जीवन बहादुर रोकाया | सहायक पाचौ | शिक्षा शाखा | पुरुष | | | क्षेत्री | | | |
| २१ | छाया देवी घर्ती | पहेन | स्वास्थ्य शाखा | | महिला | | | आ.ज | | |
| २२ | झरना वली | सहायक पाचौ | प्रशासन शाखा | | महिला | | | | | |
| २३ | राजिन्द्र महत | स.म.बि.नि. | म.तथा बा.शाखा | | महिला | | क्षेत्री | | | |
| २४ | दिपेन्द्र प्रासद उपाध्याय | शाखा प्रमुख | पन्जिकरण शाखा | पुरुष | | | बाहुन | | | |
| २५ | नन्द बहादुर खत्री | प्रा.स | कृर्षि शाखा | पुरुष | | | क्षेत्री | | | |
| २६ | शंकर आर्चाय | लेखापाल | लेखा शाखा | पुरुष | | | बाहुन | | | |
| २७ | दानसिंह कार्की | सुचना अधिकृत | सुचना प्रबिधि शाखा | पुरुष | | | क्षेत्री | | | |
| २८ | प्रेम बहादुर रावत | सहायक पाचौ | योजना शाखा | पुरुष | | | क्षेत्री | | | |
| २९ | शक्ति सिंह रावत | सहायक पाचौ | प्रशासन शाखा | पुरुष | | | क्षेत्री | | | |
| ३० | ईश्वर आर्चाय | प्राबिधिक | रोजगार शाखा | पुरुष | | | बाहुन | | | |
| ३१ | जनक बुढा | अपरेटर | सुचना प्रबिधि शाखा | पुरुष | | | क्षेत्री | | | |
| ३२ | शैलेन्द्र रावत | सहायक पाचौ | राजश्व शाखा | पुरुष | | | क्षेत्री | | | |
| ३३ | तेज बहादुर थापा | शाखा प्रमुख | उधमबिकास शाखा | पुरुष | | | क्षेत्री | | | |
| ३४ | धनराज शाही | कार्यालय प्रमुख/सहजकर्ता | रा.मा.अ.आयोग जुम्ला | पुरुष | | | ठकुरी | | | |
| ३५ | कृष्ण बहादुर पछाई | का.स | क.न.का गा.पा | पुरुष | | | क्षेत्री | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | लोगराज न्यौपाने | बरिष्ठ बैध | आयूबेर्दिक शाखा | पुरुष | | | बाहुन | | | |
| ३७ | कल बहादुर बुढा | वडा सचिव | वडा नं ८ | पुरुष | | | क्षेत्री | | | |
| ३८ | चन्द्र बहादुर बुढा | का.स | | पुरुष | | | क्षेत्री | | | |

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको बिधि र औजार :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममा निम्न अनुसारको बिधि र प्रकृया अपाईएको थियो ।

### ८.१ बिधिः

- कार्यक्रम औपचारिक रुपमा उद्घाटन तथा समापन ।
- परिक्षण कार्यक्रममा पालिकास्तरीय लैससास कार्यान्वयन समिति,कार्यदल गठन ।
- अवलोकन ।
- पालिकाकाका निर्माण भएका दस्तावेजहरु लैससासमैत्री भएनभएको सम्बन्धी पुष्ट्याई ।
- कार्यशाला गोष्टी सञ्चालन तथा प्रभावकारी रुपमा छलफल ।
- ५ वटा मुल सूचक,२२ वटा उपसूचक,१०० वटा प्रश्नहरुमाथी लेखाजोखा

### ८.२ औजार/ प्रकृया :

- कार्यशाला सञ्चालन
- १०० वटा मुल्याङ्कन सुचक
- माकुरे जालो तथा बिभिन्न तालिका प्रस्तुत
- कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफल
- सवल पक्ष,सुधारगर्नुपर्ने पक्ष,अवसर र चुनौती सम्बन्धी समुह कार्य
- कार्ययोजना तयारका लागि समुह कार्य

## ९: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था :

### ९.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणपछि प्रमुख सूचकहरुले प्राप्तगरेका अंकको लेखाजोखाः

- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बिरेन्द्रनगर सुर्खेत तथा कनकासुन्दरी गाउँपालिका जुम्लाको सयूक्त रुपमा मिति २०८१ साल जेष्ठ २७ गते देखि २९ गते सम्म आयोजना गरिएको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रमबाट ५ वटा मुख्य सुचकको कुल पुर्णाङ्क २० का दरले ५ वटा मुल बिषयको कुल पुर्णाङ्क १०० मा नीति,कानुन,योजना ११.५ अंक ,सस्थागत व्यवस्था ९.५ अंक, मानव संसाधन तथा क्षमता बिकास १२.५ अंक,सेवा प्रवाह ११ अंक सुशासन तथा उत्तरदायित्व १७ अंक गरी जम्मा ६१.५ अंक प्राप्त भएको थियो । साथै मुख्य ५ वटा सुचकहरु २२ वटा उपसुचकहरुका आधारमा प्राप्त भएको प्राप्तांङ्कन तलको तालिका नं १ र तालिका नं २ मा देखाईएको छ ।

**तालिका नं : २**

| सि.नं | मुल बिषय | पुर्णाङ्क | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | नीति,कानून,योजना | २० | ११.५ | |
| २ | सस्थागत व्यवस्था | २० | ९.५ | |
| ३ | मानव संसाधन तथा क्षमता बिकास | २० | १२.५ | |
| ४ | सेवा प्रवाह | २० | ११.० | |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १७.० | |
| | जम्मा | १०० | ६१.५ | |

कार्यशालामा भएको १०० वटा प्रश्नहरुका आधारमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणबाट २२ वटा उपसुचकको आधारमा प्राप्त भएको प्राप्तांङ्क तलको तालिकामा देखाईएको छ ।

**तालिका नं : ३**


| सि.नं | मुल बिषय | पुर्णाङ्क | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | नीति,कानून,योजना | २० | ११.५ | |
| १.१.१,१.१.२<br>१.१.३,१.१.४,<br>१.१.५,१.१.६<br>१.१.७,१.१.८ | नीति र कानूनमा समाबेशी/ सहभागीता | ८ | ५ | |
| १.२.१,१.२.२<br>१.२.३,१.२.४<br>१.२.५,१.२.६<br>१.२.७,१.२.८ | योजना तर्जुमा र कार्यान्वयन | ८ | ५.५ | |
| १.३.१,१.३.२<br>१.३.३,१.३.४ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १ | |
| २ | सस्थागत व्यवस्था | २० | ९.५ | |
| २.१.१२.१.२<br>२.१.३,२.१.४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | १ | |
| २.२.१,२.२.२<br>२.२.३,२.२.४ | कार्य प्रर्णाली समाबेशी | ४ | २ | |
| २.३.१,२.३.२<br>२.३.३,२.३.४ | समिति,उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ | |
| २.४.१,२.४.२<br>२.४.३,२.४.४ | बित्त व्यवस्थापन प्रर्णालीमा सहभागीता | ४ | २.५ | |
| २.५.१,२.५.२<br>२.५.३,२.५.४ | तथ्यांङ्क संकलन तथा व्यवस्थापन | ४ | २.५ | |
| ३ | मानव संसाधन तथा क्षमता बिकास | २० | १२.५ | |
| ३.१.१,३.१.२<br>३.१.३,३.१.४<br>३.१.५,३.१.६<br>३.१.७,३.१.८ | मानव संसाधन तथा क्षमता बिकास | ८ | ४.५ | |
| ३.२.१,३.२.२<br>३.२.३,३.२.४ | अनौपचारिक मान्यता र कुसस्कार | ४ | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ३.३.१,३.३.२ ३.३.३,३.३.४ | कानूनी साक्षरता | ४ | २ | |
| ३.४.१,३.४.२ ३.४.३,३.४.४ | बित्त व्यवस्थापनमा समाबेशीता | ४ | ३ | |
| ४ | सेवा प्रवाह | २० | ११.० | |
| ४.१.१,४.१.२ ४.१.३,४.१.४ | पुर्वाधार बिकास | ४ | ३ | |
| ४.२.१,४.२.२ ४.२.३,४.२.४ | प्रजन्न स्वास्थ्य | ४ | १.५ | |
| ४.३.१,४.३.२ ४.३.३,४.३.४ | शिक्षा कार्यक्रम | ४ | ३ | |
| ४.४.१,४.४.२ ४.४.३,४.४.४ | खानेपानी तथा सरसफाई | ४ | २.५ | |
| ४.५.१,४.५.२ ४.५.३,४.५.४ | स्वरोजगार तथा आय आर्जन र बजार | ४ | १ | |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १७.० | |
| ५.१.१,५.१.२ ५.१.३,५.१.४ | सुशासन | ४ | ३ | |
| ५.२.१,५.२.२ ५.२.३,५.२.४ | उत्तरदायित्व र जबाफदेहीता | ४ | ४ | |
| ५.३.१,५.३.२ ५.३.३,५.३.४ | सुचना र संचार | ४ | ४ | |
| ५.४.१,५.४.२ ५.४.३,५.४.४ | अनुगमन तथा मुल्याङ्कन | ४ | ३ | |
| ५.५.१,५.५.२ ५.५.३,५.५.४ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३ | |
| | जम्मा | १०० | ६१.५ | |


## ९.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अवस्थालाई माकुरे जालो,स्तम्बचित्र बिश्लेषण अवस्था:

- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सुर्खेत तथा कनकासुन्दरी गाउँपालिका जुम्लाको सयूक्त आयोजनामा कनकासुन्दरी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट ५ वटा मुल बिषयका सुचकहरु तथा २२ वटा उपसुचकहरुका आधारमा प्राप्त भएको प्राप्तांङ्कलाई स्तम्भ चित्र र माकुरे जालोमा देहायअनुसार देखाईएको छ ।


**तालिका नं : ४**


लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण आ.व.२०७९/०८० स्तम्भ चित्रमा (५ मुल विषय शिर्षक) परीक्षण भएको प्राप्तांङ्क
२०
१५
१०
५
०
२०
१२.५
२०
९
२०
१२.
२०
११
२०
१७
नीति ,कानुन र योजना
संस्थागत विकास
मानव संसाधन तथा क्षमता विकास
सेवा प्रवाह
सुशासन र उत्तरदायित्व
पुर्णाङ्क
प्राप्तांङ्क


तालिका नं : ५


लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण आ.व.२०७९/०८० माकुरी जालो (५ मुल विषय शिर्षक)
नीति ,कानुन र योजना
२०
१५
१०
५
०
संस्थागत विकास
मानव संसाधन तथा क्षमता विकास
सेवा प्रवाह
सुशासन र उत्तरदायित्व
कुल पुर्णाङ्क
प्राप्तांङ्क

तालिका नं : ६


लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण आ.व.२०७९/०८० स्तम्भ
चित्र विश्लेषण (२२ उप विषय)
नीति र क़कानूनमा समाबेशीता
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कर्मचारी पदिधकारी प्रतिनिधित्व
कार्य प्रणाली समाबेशी
समिति उपसमिति र कार्यदलमा...
बित्त व्यवस्थापन प्रणालीमा...
तथ्यांक संकलन तथा व्यवस्थापन
मानव संसाधन तथा क्षमता बिकास
अनौपचारिक मान्यता र कुसंस्कार
कानूनी साक्षरता
अनुगमन तथा मुल्यांकन
पुर्वाधार बिकास
प्रजनन स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन र...
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सुचना तथा संचार
अनुगमन तथा मुल्यांकन
समन्वय र सम्बन्ध बिस्तार
प्राप्तांङ्क
प्राप्तांङ्क

**तालिका नं : ७**




## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवल पक्ष तथा सुधार गर्नुपर्ने पक्षहरु,अवसर र चुनौतीहरु :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुख्य ५ वटा बिषयहरुमा (नीति,कानुन र योजना,सस्थागत व्यवस्था,मानव संसाधन व्यवस्था तथा क्षमता बिकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व) कनकासुन्दरी गाउँपालिकाका सवल पक्ष,सुधार गर्नुपर्ने पक्षहरु, अवसर र चुनौतीहरु कार्यशालामा गरेको समुह कार्यका आधारमा देहाय बमोजिम रहेका छन ।

**तालिक नं :८**

| मुल बिषय | सवल पक्ष | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति,कानून र योजना** | • कनकासुन्दरी गाउँपालिका लैससास नीति २०७८ निर्माण भएको ।<br>• कार्यबिधि अनुसार लैससासको पहिचान गरि कार्यक्रम तथा योजनाहरु संञ्चालनमा आएको ।<br>• आर्य आर्जन र जिविका पार्जन गर्नका लागि पालिकाबाट तर्जुमा गरिएका योजना तथा कार्यक्रमबाट लक्षित बर्गले फाईदा लिएको । | • लैससास सम्बन्धी रणनीति तयार गरि प्राप्त कार्यक्रम निर्माण गर्नुपर्ने ।<br>• लैससास सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाले निर्दिष्ट गरेअनुसार प्रयाप्त बजेट व्यवस्था गर्नुपर्ने ।<br>• लैससासको बिषयमा गठन भएका समिति,उपसमितिलाई | • संघीयताको मुल मर्म र सिद्धान्तको कार्यान्वयन गर्ने अवसर ।<br>• स्थानीय आवश्यकता र लक्षित बर्ग,समुदायको मागमा आधारित बिकास कार्यक्रमसंञ्चालन गर्ने ।<br>• स्थानीय सरकार अर्न्तगत गठन हुने बिभिन्न समिति/उपसमिति,कार्यदलमा महिला र लक्षित बर्गहरुको अर्थपुर्ण सहभागीता हुने । | • यस सम्बन्धमा समसामयिक कानुन तर्जुमा गर्नु ।<br>• सिमित स्रोत साधनको समुचित बितरण गर्नु ।<br>• सिमित बजेटमा व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु ।<br>• भौगोलिक बिकटताका कारण सबैको सहभागीता सुनिश्चित गर्नु ।<br>• ऐन,नीति,निर्माण,कार्यबिधिको प्रभावकारी रुपमा कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| | • लैससास सम्बन्धी पालिकाको क्षेत्राधिकार भित्र कार्यक्रम संञ्चालन गर्दा बिकास साझेदार संस्थाहरुसँग समन्वय सहकार्य भई कार्यक्रम संञ्चालन भएको ।<br>• दिगो बिकास लक्ष्यले लैससास सम्बन्धी समाबेश गरेका बिषयहरु कार्यान्वयनमा आएको | क्रियाशिल बनाउनुपर्ने ।<br>• पालिकाको बार्षिक बिकास कार्यक्रममा उल्लेख भएबमोजिमका कार्यक्रमहरुको अनुगमन पश्चात प्रतिवेदन अनिवार्य गर्नुपर्ने ।<br>• बिभिन्न समिति,उपसमिति,कार्यदल एवं सम्बद्ध निकायहरुचिमा समन्वय सहकार्य हुनुपर्ने ।<br>• नीीत ,कानून,कार्यबिधि बनाउनु भन्दा अगाडी लैससासको अवस्था बिश्लेषण र लेखाजोखा गरि सुनिश्चित गर्नुपर्ने । | | गर्नु ।<br>• सम्बन्द्ध निकायहरुबिच सघन समन्वय गरी लैससास सम्बन्धमा अपेक्षित नतिजा हासिल गर्नु । |
| **संस्थागत विकास** | • लैससास फोकल व्यक्ति तोकिएको ।<br>• लैङ्गिक डेस्क स्थापना गरि आवश्यक जनशक्तिको व्यवस्था गरिएको ।<br>• खण्डीकृत तथ्यांक बिश्लेषण गरी बार्षिक नीति कार्यक्रम र बजेटको प्रवन्ध गरेको ।<br>• गुनासो सुन्ने व्यक्तिको व्यवस्था भएको र गुनासो सुनुवाई अभिलेख तथा प्रतिवेदन पनि राख्ने गरिएको<br>• लैससास सम्बन्धी रणनीति तथा कार्यनीति निर्माण गनुपर्ने | • निर्णयक तहमा समानताको सिद्धान्त पालना गर्नुपर्ने ।<br>• कर्मचारीको पदपुर्ति( करार)समाबेशीकरणको सिद्धान्तलाई पुर्णत पालना गर्नुपर्ने ।<br>• सकारात्मक बिभेदको नीति तर्जुमा गर्नुपर्ने ।<br>• लैससास हेर्ने ईकाई डेस्कको व्यवस्था गर्ने ।<br>• लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाईन वा टोल फ्रि नम्बरको व्यवस्थागर्ने । | • लैङ्गिक डेस्क स्थापना पछि सेवामा सहजहुने ।<br>• लैससास सम्बन्धी रणनीति तथा कार्यनीति निर्माण पछि लैङ्गिक संबेदनशिल मानिने ।<br>• खण्डीकृत तथ्यांकका आधारमा बार्षिक नीति कार्यक्रम र बजेटको प्रवन्ध गर्न सहन हुने | • लैङ्गिक डेस्क स्थापना नहुदा लैङ्गिक सेवामादिन समस्या भएको ।<br>• लैससास सम्बन्धी रणनीति तथा कार्यनीति निर्माण पछिपनि बजेट अभावमा लैङ्गिक मुद्धा ओझेलमा पर्न सक्ने । |
| **मानव संशाधन तथा क्षमता विकास** | • लैङ्गिक समानता,वालविवाह, ,बहुविवाह,छुवाछुत,कुप्रथा सम्बन्धी तालिम सञ्चालन भई सबैमा जानकारी भएको ।<br>• जनसर्म्पक सहजीकरण गर्नका लागि सोधपुछ कक्ष स्थापना भई श्री जय बहादुर रावतलाई जिम्मेवारी दिएको ।<br>• कानूनमी साक्षरता सम्बन्धी तालिम सञ्चालन भएको ।<br>• बिभिन्न योजना निर्माण गर्नका लागि नीति,नियम,ऐन र कार्यबिधि निर्माण भएको<br>• बिपत व्यवस्थापन कोष स्थापना र लैङ्गिक समानता अनुसार वितरण गर्ने गरिएको | • लैङ्गिक तथा समाबेशी बिकासका लागि छुट्टै शिर्षकमा बजेट बिनयोजन हुनुपर्ने ।<br>• स्थानीय तहमा करार कर्मचारी पदपुर्ति गर्दा लैङ्गिक समानता समाबेश हुने गरि पदपुर्ति गरिनुपर्ने ।<br>• लैससास लगायत राज्यका तिनै तहबाट निर्माण भएका कानुनको बिषयमा तालिम लामो हुनुपर्ने । | • सेवाग्राहीको कार्यसम्पदानमा सहजीकरण भएको ।<br>• विपदमा परेका समुदायहरुलाई लक्षित गरी बिशेष राहत,लैङ्गिक समानता तथा समाबेशीकरण नीति बमोजिम बितरण गरिएको । | • लैङ्गिक तथा समाबेशी समानता मा प्राप्त बजेट बिनियोजित नहुनु ।<br>• लैससास सम्बन्धी सबैको ध्यान नहुनु ।<br>• गाउँपालिकाको आफ्नै पुर्वाधार नहुदा कार्यसम्पादमा समस्या देखिनु |
| **सेवा प्रवाह** | • सुचना प्रविधि सम्बन्धी नीति,कार्यबिधि बनेको ।<br>• सामाजिक परिक्षण,सार्वजनिक सुनुवाई,गुनासो का लागि सुर्जा अधिकारीलाई जिम्मेवारी तोकिएको । | • लैससास सम्बन्धी कार्ययोजना तथा कार्यबिधि बनाउनुपर्ने ।<br>• पालिकामा लैङ्गि डेस्क स्थापना गर्नुपर्ने | • लैङ्गिक समता हुने ।<br>• गाउँपालिकामा हुने सम्पुर्ण कार्यक्रमको पार्दशिता हुनुपर्ने ।<br>• लक्षित बर्गको अर्थपुर्ण र समान सहभागीता हुने ।<br>• बिभिन्न सञ्चालहरु सक्रिय हुने । | • नीति तथा कार्यबिधि निर्माणमा दक्ष जनशक्ति नहुनु ।<br>• लैससास सम्बन्धी प ्याप्त बजेट बिनियोजन नहुनु ।<br>• पालिकाको आफ्नै भवन नहुदा सेवा प्रवाहमा कठिनाई हुनु । |

| | | | | |
|---|---|---|---|---|
| | • अपांगमैत्री भवन,शौचालय निर्माण भएको ।<br>• बिभिन्न स्वास्थ्य चौकीहरुमा स्तनपानकक्ष संचालनमा रहेको ।<br>• सोधपुछ कक्ष,टोलफ्रि नम्बर,अफलाईन टोकन सञ्चालन भएको | • पालिकामा स्तनपानकक्ष बनाईनुपर्ने ।<br>• पालिकामा बेईजिङ्ग घोषणापत्रले समेटेका बाह्र वटा बिषयहरुको बारेमा अभिमुखीकरण गराउनुपर्ने ।<br>• पालिकाको सुचना सार्वजनिकगर्नको लागि डिजिटल बोर्डको सञ्चालन गर्नुपर्ने | • बार्षिक नीति तथा कार्यक्रममा लैससास बजेट बिनियोजन हुने । | • निर्माण भएका भवनहरुमा सडक बिस्तार नहुनु ।<br>• सेवा प्रवाहको समयमा बत्ति र ईन्टरनेटको पहँच नहुनु । |
| **सुशासन र उत्तरदायित्व** | • चौमासिक रुपमा प्रगति प्रतिवेदन, समिक्षा गोष्टी, सार्वजनिक सुनुवाई,बार्षिक समिक्षा हुने गरेको ।<br>• बार्षिक लेखा परिक्षण, मासिक प्रतिवेदन,निर्णाय(गाउँसभा/कार्यपालिका) सार्वजनिक गर्ने गरेको ।<br>• कार्य सम्पादन गर्दा ऐन कार्यबिधि,नियमावली नीति ,रणनीति, निर्माण गरि कार्यान्वयन गर्ने गरेको ।<br>• स्थलगत अनुगमन प्रतिवेदन ,कार्यक्रम अनुगमन प्रतिवेदन, लेख्ने अभ्यास राम्रो भएको ।<br>• लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण अर्न्तगत बिभिन्न समिति र सञ्जाल गठन गरिएको । | • समिक्षागोष्टी तथा सार्वजनिक सुनुवाई समयमा नभएको ।<br>• ऐन ,कानुन, कार्यबिधिहरुको कार्यान्वयन प्रभावकारी हुनुपर्ने ।<br>• बार्षिक बिकास कार्यक्रमहरुको अनुगमन पश्चात बिश्लेषण सहितको प्रतिवेदन निर्माण हुनुपर्ने । | • कर्मचारी ,जनप्रतिनिधि,लक्षित समुहलाई कार्यसम्पदान गर्न सहज हुने ।<br>• सुचना प्रबिधिको प्रयोग प्रभावकारी भए सेवा प्रवाहमा सहजता आउने ।<br>• स्थानीय तहबाट सञ्चालन हुने योजनाहरुबाट लक्षित समुहले लाभ लिन सक्ने ।<br>• लैससासको माध्यमबाट लैङ्गिक समानता र समावेशी हुने । | • बजेटको न्यून हुने हुदा पालिका लाई प्रबिधिमैत्री बनाउन र बिधुत सेवा प्रभावकारी बनाउनु ।<br>• अधिकार प्राप्त अधिकारी जिम्मेवारी बाट पन्छिनबाट राकी जबाफदेही बनाउनु ।<br>• पुर्वाधार बिकास मात्र बिकास हो भन्ने बुझाई रहेको हुदा सामाजिक बिकासका लागि बजेट व्यवस्थापन गर्न नसकिनु । |

## ११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा बिकास कार्ययोजना :

| **मुल शिर्षक** | **पुर्णाङ्क** | **प्राप्तांङ्क** | **सुधारका लागि आवश्यक क्रियाकलापहरु** | **मुख्य जिम्मेवारी** | | | **समयावधि** | **थप दायित्व पर्ने/नपर्ने** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | | |
| नीति,कानुन,योजना | २० | ११.५ | १.१.२ स्थानीय तहले आफ्ना नीति,कानून,योजना जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा वा बिश्लेषण गरि सुनिश्चित गर्ने गरिनेछ । | सामाजिक बिकास शाखा | कार्यपालिका | सामाजिक बिकास शाखा | २०८१/८२ | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **१.१.६** संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाईनेछ । | सामाजिक बिकास शाखा | कार्यापालिका | न्यायिक समिति/ सामाजिक बिकास शाखा/प्रहरी | **२०८१/८२** | नपर्ने |
| | | | १.१.८ स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीबि उपर हुने बिभेद रोक्नका लागि नीतिगत प्रावधानको व्यवस्था गरिनेछ । | रोजगार महाशाखा/सामाजिक शाखा | कार्यापालिका | सामाजिक शाखा/रोजगार सेवा केन्द्र आदी | **२०८१/८२** | पर्ने |
| | | | **१.२.२** कनकासुन्दरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला ,बालबालिका तथा सबै लक्षित समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहलाई प्रत्यक्ष फाईदा पुग्ने गरि कुल पुँजीगत बजेटको निश्चित प्रतिशत छुटाउने व्यवस्था मिलाईनेछ । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति/सामाजिक बिकास समिति | कार्यापालिका | गाउँपालिका | ०८१/८२ | पर्ने |
| | | | १.२.४ योजना तर्जुमा गर्दा महिला तथा लक्षित समुहको व्यवहारिक र रणनीतिक आवश्यक्ता पहिचान र परिपुर्ति गर्ने बिषयमा छलफल गर्ने व्यवस्था मिलाईनेछ । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति/सामाजिक बिकास समिति/वडा समिति | कार्यापालिका | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति /सामाजिक बिकास समिति/वडा समिति | २०८१/८२ | नपर्ने |
| | | | १.२.६स्थानीय तहले दीगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन गर्नुपर्ने | सामाजिक शाखा | कार्यपालिका | गाउँपालिक/वडा समिति/ सामाजिक शाखा | २०८१/८२ | नपर्ने |
| | | | १.३.२ स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरि कार्यान्वयन गरिनेछ | महिला तथा बालबालिका शाखा | गाउँसभा/ कार्यापालिका | महिला तथा बालबालिकाशाखा | २०८१/८२ | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | । | | | | | |
| | | | १.३.३ परिक्षण पश्चात लैङ्गिक तथा समावेशी बिषयमा सुधार गर्न क्षमता बिकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरि कार्यान्वयन गरिनेछ । | सामाजिक बिकास समिति | गाउँसभा | सामाजिक बिकास शाखा | २०८१/८२ | पर्ने |
| | | | १.३.४ स्थानीय तहको बार्षिक बिकास कार्यक्रममा लक्षित समुहको लागि निश्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीतिगत व्यवस्था गरी उनिहरुको हितमा कार्ययोजना अनुरुप कार्यक्रम संचालन हुने । | महिला तथा बालबालिका शाखा | गाउँसभा/कार्य पालिका | सामाजिक बिकास शाखा | २०८१/८२ | पर्ने |
| सस्थागत व्यवस्था | २० | ९.५ | २.१.१ स्थानीय तहको निर्णायक तहमा महिलाहरु (पदाधिकारी/ कर्मचारी)को समान रुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्वको लागि नीतिगत व्यवस्था हुने | महिला तथा बालबालिका शाखा | गाउँसभा/ कार्यपालिका | सबै बिषयगत शाखा | २०८१/८२ | पर्ने |
| | | | २.१.२ स्थानीय तहका कर्मचारीहरुको पदपुर्ति गर्दा सबै जातजाति,क्षेत्र ,लिङ्ग र समुदाय लगायत लक्षित बर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ । | महिला तथा बालबालिका शाखा | गाउँसभा/ कार्यपालिका | सबै बिषयगत शाखा | २०८१/८२ | नपर्ने |
| | | | २.१.४ जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता बिकासको अवसर प्रदान गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक बिभेदको नीति व्यवस्था गरि कार्यान्वयन हुने । | सामाजिक शाखा | गाउँसभा/कार्य पालिका | सबै बिषयगत शाखाहरु | २०८१/८२ | नपर्ने |
| | | | २.२.१ महिला र पुरुष बिचको असमानता हटाउन तथा सामाजिक समाबेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्य नीति निर्माण गरिने । | लैससास कार्यान्वयन समिति | गाउँसभा/कार्य पालिका | लैससास कार्यान्वयन समिति | २०८१/८२ | नपर्ने |
| | | | २.२.२ स्थानीय तहमा | महिला तथा | कार्यपालिका,क | गाउँपालिका | २०८० देखि | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लैङ्गिक बिकास हेर्ने ईकाई, लैङ्गिक बिकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्विय समितिको गठन,स्थापना कार्यशर्त र जिम्मेवारी दिने व्यवस्था हुने | बालबालिका शाखा | र्मचारी तथा जनप्रतिनिधिको सयूक्त बैठक | | २०८२ सम्म | |
| | | | २.२.४ योजना तर्जुमा समितिलाई सुझाब दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वय समितिले महिला ,बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागीताहुने व्यवस्था मिलाई वडा तथा बस्ती स्तरमा योजना सम्बन्धी छलफल हुने व्यवस्था मिलाईने । | लैससास कार्यान्वय समिति | कार्यपालिकाको निर्णय | लैससास कार्यान्वय समिति | २०८१/८२ | नपर्ने |
| | | | २.३.२ स्थानीय तहले गठन गर्ने समिति ,उपसमिति र कार्यदलहरुमा महिला तथा बन्चितकरणमा परेको समुदायका प्रतिनिधि भई छलफल तथा निर्णय निर्माणमा सक्रियरुपमा भाग लिने बाताबरण बनाईने । | सामाजिक बिकास समिति | गाउँसभा/ कार्यापालिका | गाउँपालिका | २०८१/८२ | नपर्ने |
| | | | २.३.३स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन र समिक्षा सम्बन्धी स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बन्चितकरणमा परेको समुदायको हितहुने गरि बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने व्यवस्था बनाईनेछ । | लैससास कार्यान्वयन समिति | कार्यपालिका | लैससास कार्यान्वयन समिति | २०८१/८२ | नपर्ने |
| | | | २.३.४ स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बन्चितकरणमा परेको समुदायको हितहुने गरि दिएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । | गाउँपालिका | कार्यपालिका | गाउँपालिकाा | २०८१/८२ | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २.४.१ स्थानीय तहहमा लैङ्गिक हिंसा निवारण, महिला,सीप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापनागरि कार्यान्वयन मा ल्याईनेछ । | लैससास कार्यान्वय समिति | गाउँसभा | सामाजिक शाखा | २०८१/८२ | पर्ने |
| | | | २.४.३स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत साधनको लागि बजेटको व्यवस्था गरि कार्यान्वयनमा आउने | लैससास समिति | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | २.४.४ स्थानीय तहले समावेशी सुचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरी कम्प्यूटरकृत लेखा प्रर्णालीलाई समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सुचना दिने गरी व्यवस्था हुने । | २०८१८२ | कार्यपालिका/ गाउँसभा | सुचना प्रबिधि शाखा | २०८१/८२ | पर्ने |
| | | | २.५.२स्थानीय तहले वडा तथा बस्तीस्तरका समुदायका आधारभुत खण्डिकृत सुचना तथ्याङक संकलन गरेर बेरोजगार र गरिवको पहिचान गरि छुट्टा छुट्टै नक्सांकन गर्ने व्यवस्था मिलाउने । | रोजगार शाखा | कार्यापालिका | रोजगार शाखा/ प्राबिधिक शाखा | २०८१/८२ | पर्ने |
| | | | २.५.३ स्थानीय तहले आफ्नो पाश्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सुचनालाई आधार मानि स्थानीय बिकास योजना तर्जुमा गर्न व्यवस्था हुने । | गाउँपालिका | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| मानव संसाधन तथा क्षमता बिकास | २० | १२.५ | ३.१.१ लैङ्गिक तथा समावेशी बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट बिनियोजन भई रकम खर्च गर्ने कार्यबिधि स्वीकृत भई कार्यान्वयनमा आएको हुने । | सामाजिक बिकास शाखा | गाउँसभा | गाउँपालिका | २०८१/८२ | नपर्ने |
| | | | ३.१.४ स्थानीय तहमा महिला तथा लक्षित | गाउँपालिका | गाउँसभा/कार्य पालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | समुहका पदाधिकारीको क्षमता अभिबृद्धिका लागि निदिष्ट कार्यक्रमहरु( प्राबिधिक तालिम,क्षमता बिकास ,नेतृत्व बिकासको तालिम भ्रमण आदी)मा बजेट बिनियोजन भई कार्यक्रम सञ्चालनमा आउने । | | | | | |
| | | | ३.१.७ स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पुर्व तयारी कक्षा संचालन कार्यक्रम तयार गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । | गाउँपालिका | कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०८१/८२ | पर्ने |
| | | | ३.१.८ महिला हक हित र अधिकार सम्बन्धी बेईजिङ्ग घोषणपत्रले समेटेका बाह्र वटा प्रतिबद्धताका सम्बन्धमा स्थानीय तहका पदाधिकारी कर्मचारीलाई जानकारी प्रदान गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याईनेछ । | महिला तथा बालबालिका शाखा | कार्यापालिका | महिला तथा बालबालिका शाखा क | २०८१/८२ | पर्ने |
| | | | ३.२.२ लैङ्गिक हिंसा मुक्त गाउँ घोषणा गरेर महिला हिंसा बिरुद्ध शुन्य शहनशिलताको नीति लिईनेछ । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ३.३.१ स्थानीय तहका महिला तथा समाबेशी समुहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार बित्त व्यवस्थापन ऐन , कर्मचारी समायोजन ऐन , मुलुकी संहिताहरु, बिषयगत कानूनहरु, स्थानीय तहले जारी गरेका कानुनहरु र अन्य प्रचलित महत्वपुर्ण कानुनहरुको सम्बन्धमा अभिमुखीकरणको व्यवस्था हुने | गाउँपालिका | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ३.३.२ स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको | गाउँपालिका | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने(बिज्ञ मार्फत ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयबस्तु उपर अभिमुखीकरण हुने व्यवस्था गरिनेछ । | | | | |
| | | | ३.४.१ स्थानीय तहले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति, लगायत कार्यबिधि, तयारी गर्दा महिला तथा लक्षित बर्ग वा समुदायसँग परामर्श गरी यस्ता दस्ताबेजमा उक्त बर्ग र समुदायलाई लक्षित गरि बिशेष राहत र महिला पुरुषलाई अलल अलग संरक्षणको प्रावधान राखिएको । | बिधायन समिति | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | नपर्ने |
| सेवा प्रवाह | २० | ११अ | ४.१.३ स्थानीय तहले १५०० बर्गफिट भन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला,लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगतामैत्री, बालमैत्री दृष्टिकोणबाट समेत उपयूक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्वीकृत दिने गरि निर्माण कार्य हुने । | प्राबिधिक शाखा | कार्यपालिका | प्राबिधिक शाखा | २०८१/८२ | नपर्ने |
| | | | ४.२.२ स्थानीय तहको कार्यालय अस्पताल वा स्वास्थ्यचौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै स्तनपान कक्षको व्यवस्था गरि कार्यान्वयनमा ल्याईनेछ । | सामाजिक बिकास शाखा | कार्यपालिका | सामाजिक बिकास शाखा | २०८१/८२ | पर्ने |
| | | | ४.२.४ महिला, आर्थिकरुपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य विमा गर्न सहजीकरण र सहयोग गर्ने,कार्यक्रम र बजेट व्यवस्था गरि कार्यान्वयन गरिनेछ । | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | २०८१/८२ | पर्ने |
| | | | ४.३.३निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष | शिक्षा शाखा | कार्यपालिका | शिक्षा शाखा | २०८१/८२ | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रमहरु संचालन गर्ने नीति तथा बजेट र कार्यक्रम तर्जुमा गरि अभिभावक शिक्षा,पौढ तथा किशोरी कक्षा कार्यान्वयन गरिनेछ । | | | | | |
| | | | ४.३.४ बिधालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय,पानीको व्यवस्था,किशोरी छात्राको लागि सेनिटरी प्याड,साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने हुने गरि व्यवस्था हुने | शिक्षा शाखा | कार्यापालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ४.४.४ स्थानीय तहका गाउँ टोल,बस्तीहरुमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण,परम्परागत ईनार र कुवाको पुनजीविकरण र रिर्चाजिङ जस्ता कार्यक्रम स्वीकृति गरि कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागीतामा हुने गरेको | खानेपानी तथा सरसफाई शाखा | कार्यापालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ४.५.२ स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता बिकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन हुने । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ४.५.३ ग्रामिण महिला प्राबिधिकहरु(पशु सेवा, कृर्षी,खाध्य प्रबिधि,बन,स्वास्थ्य र पुर्वाधार लगायतका बिषय सम्बन्धी प्राबिधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरुप कार्यक्रम सञ्चालन हुने | सामाजिक शाखा | कार्यापालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |
| | | | ४.५.४ गरीब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरुप सुपथमुल्य सहकारी पसलहरुको व्यवस्थापन गर्ने स्थानीय तहको नीति लिई सो अनुरुप कार्यक्रम कार्यान्वयन हुने । | कृर्षी शाखा | कार्यापालिका | गाउँपालिका | २०८१/८२ | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुशासन तथा उत्तरदायित्व | २० | १७ | ५.१.३ महिला अधिकार तथा समानताका लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताअरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वय गर्ने । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०८१/८२ | पर्ने |
| | | | ५.४.२ स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समाबेशी बिकास सम्बन्धी कार्यक्रमको अनुगमन,मुल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ,असर, र प्रभाव बिश्लेषण गरि कार्यान्वियन गरिनेछ । | अनुगमन समिति | कार्यपालिका | अनुगमन समिति | २०८१/८२ | नपर्ने |
| | | | ५.५.४ महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उल्मुलन गर्ने महासन्धीको राष्ट्रिय कार्ययोजना, सयूक्त राष्ट्र संघीय सुरक्षा परिषदबाट पारिद प्रस्ताव नं १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रम हरुमा रकम बिनियोजन गरी कार्यान्वयन गरिने । | महिला तथा बालबालिका शाखा | कार्यपालिका | महिला तथा बालबालिका शाखा | २०८१/८२ | पर्ने |
| | **१००** | **६१.५** | | | | | | |

## १२. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणबाट प्राप्त भएका उपलब्धीहरु :

- मिति २०८१ साल जेष्ठ २७ गते देखि २९ गते सम्म कनकासुन्दरी गाउँपालिकाको सभाहलमा आयोजना गरिएको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वय अवस्था सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममा पालिकाको उपाध्यक्ष प्रेमकली बुढा,सबै वडाका वडा अध्यक्षहरु,बिषयगत शाखा प्रमुख लगायत कर्मचारीहरु बिचमा लैससासको बिषयमा व्यापक छलफल भई आगामी बजेटमा महिला तथा बालबालिका शाखालाई प्रयाप्त बजेटको व्यवस्था गरि लैङ्गिक मैत्री कार्यक्रम ,ऐन कानून,नीति ल्याउने प्रतिबद्धता भएको । पालिकाले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा कनकासुन्दरी गाउँपालिकाको सयूक्त आयोजनामा लैससास परिक्षण गर्ने काम पहिलो पटक गरेको हुदा पालिकाका ऐन ,नियम,नीति,कार्यबिधि,बार्षिक कार्यक्रमहरु समेतको बिषयमा छलफल, परिक्षणबाट पालिकाका सवल पक्ष,सुधार गर्नुपर्ने पक्ष ,अवसर र चुनौती पहिचान गरिनुका साथै पालिकाबाट निर्माण भएका करिब ५३ वटा कानुन निर्माण गरिएको भनिएको भएपनि ४२ वटा कानुनहरु अभिलेखीकरण भएको, बनेका कानुन कार्यपालिकाबाट पारित भएपनि केही कानुन मात्र राजपत्रमा प्रकाशन गरिएको र बाँकी धेरै कानुन

राजपत्रमा प्रकाशन गर्नुपर्ने देखिएको छ । यस पालिकामा लैससास नीति निर्माण भई कार्यान्वयनमा रहेको,अभिमुखीकरण कार्यक्रमबाट सहभागीलाई लैससास सम्बन्धी स्पष्ट जानकारी दिई सहभागीहरु लैङ्गिक संम्बेदनशिल भएको हुदा उपलब्धमुलक मान्न सकिन्छ । परीक्षणले कुल पुर्णाङ्क २० का दरले ५ वटा मुल बिषयको कुल पुर्णाङ्क १०० मा नीति,कानुन,योजना ११.५ अंक ,सस्थागत व्यवस्था ९.५ अंक, मानव संसाधन तथा क्षमता बिकास १२.५ अंक,सेवा प्रवाह ११ अंक सुशासन तथा उत्तरदायित्व १७ अंक गरी जम्मा ६१.५ अंक प्राप्त भएको । यस पालिकाले योजना तर्जुमा र छनौट तथा कार्यक्रममा महिला दलित, आदिबासी जनजाति, अपाङ्गता, जेष्ठ नागरिक लगायतका लक्षित बर्गको सहभागीता हुने गरेको माईनटबाट देखिएको । लैससासको बिषयमा जनप्रनिधि र कर्मचारीहरुको बुझाई महिला मात्र भन्ने कार्यशाला अघि रहेको भएपनि कार्यशाला पश्चात नीति,कानुन योजना निर्माण देखि सस्थागत व्यवस्था,मानव संसाधन तथा क्षमता बिकास, सेवा प्रवाह र सुशासन तथा जबाफदेहीता, बिकास कार्यक्रमहरुको अनुगमन तथा प्रतिबेदन गर्दा लैङ्गिक दृष्टिकोणबाट मात्र गरिनु पर्छ भन्ने जानकारी जनप्रतिनिधि तथा कर्मचारीहरुले अभिमुखीकरण कार्यक्रमबाट स्पष्ट भएको देखिन्छ । आगामी कार्यक्रम छनौट देखि बजेट बिनियोजन,नीति तथा कानुन निर्माण गर्दा लैङ्गिक समानता तथा समाबेशीकरणलाई प्राथमिकतामा राखी बजेट व्यवस्था गरिने प्रतिबद्धता व्यक्त भएको । यस कार्यक्रमबाट जनप्रतिनिनिधि तथा कर्मचारीहरु जबाफदेही भई सम्पन्न कार्यक्रमहरुको लेखा प्रयोजनका लागि मात्र प्रतिवेदन नभई कार्यक्रममको दस्ताबेजीकरण गरि बिश्लेषणात्मक सुझावका आधारमा कार्यक्रम तर्जुमा र प्रतिवेदन सहित दस्ताबेजीकरणलाई प्रभावकारी बनाउने तथा लैससास परिक्षण प्रत्येक आ.बको पुस मसान्तमा गरिसक्नुपर्ने कानूनी व्यवस्था हुदा पनि यो पालिकामा पहिलो पटक भएको हुदा आगामी आ.बमा लैससास परिक्षणका लागि पालिकाबाट नै बजेटको व्यवस्था गरि परिक्षण गरिने प्रतिबद्धता व्यक्त भएको छ । समग्रमा कनकासुन्दरी गाउँपालिकाबाट हुने कार्यक्रमहरु लैससास दृष्टिकोणबाट केही भएको भएपनि थप प्रभावकारीरुपमा प्रतिशत बढाई लक्षितबर्गको हितहुने गरी आउनेदिनमा कार्ययोजना निर्माण गरि पालिका कार्यगर्ने प्रतिबद्धता हुनु पनि यो कार्यक्रमको महत्वपुर्ण उपलब्धी रहेको देखिन्छ ।

## १३. निश्कर्ष :

- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष प्रेमकली बुढाको अध्यक्षतामा पालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको सक्रिय सहभागीतामा सम्पन्न भएको छ । कार्यक्रमको उदेश्य अनुरुप लैससास परीक्षणले स्थानीय तहमा लैससासको अवस्था कस्तो रहेको छ । राज्यका हरेक तहमा सबै नागरिकहरुको अर्थपुर्ण सहभागीताकको अवस्था के कस्तो रहेको छ । पालिकाबाट निर्माण हुने योजना, बार्षिक बिकास कार्यक्रम,बजेट बिनियोजन, नीति, ऐन कानून, भौतिक पुर्वाधार निर्माण,कार्यक्रम आयोजना गर्दा अर्थपुर्ण र समाबेशी सहभागीता,कार्यक्रम अनुगमन तथा प्रतिवेदन लैङ्गिक दृष्टिकोणबाट बनेका छन वा छैन्न । कार्यस्थलमा लैङ्गिकमैत्री भाषाको प्रयोग हुन्छ हुदैन भन्ने लगायतका बिषयमा पालिकाले स्वलेखाजोखा गरि आगामी दिनमा महिला तथा लक्षित बर्गको हितहुने गरि कार्यक्रम निर्माण गर्ने बाताबरण तयार हुने छ । यस गाउँपालिकामा पहिलो पटक लैससास परीक्षण भएको हुदा लैससास नीति २०७८ले तोकिएका १०० वटा प्रश्नहरुका आधारमा ६१.५ अंक प्राप्त गरेको छ । प्राप्त अंक र परीक्षणको क्रममा भएको छलफल तथा दस्तावेज पुष्ट्याई गर्दाको अवस्थालाई बिश्लेषण गर्दा समग्रमा सबै सुचकहरुको कुल प्राप्तांङ्क ६१.५ भएकोले लैससास परीक्षण दिग्दर्शन २०७८ मा तोकिएको बर्गिकरणको मापदण्डका आधारमा कनकासुन्दरी गाउँपालिकाले ६० अंक भन्दा माथि प्राप्त गरेको हुदा **उत्तम** समुहमा बर्गिकरणमा परेको छ । यस पालिकाले समग्र रुपमा सुचक

बमोजिम केही हदसम्म प्रभावकारी कार्य गरेको देखिएको अवस्था रहेको छ । पालिकामा हालसम्म ५३ वटा बिभिन्न बिषयगत कानूनहरु निर्माण गर्दा लैससास नीति २०७८ पनि बनेर कार्यान्वयनको अवस्थामा देखिएको भएपनि थोरै कानूनहरु कार्यपालिकाबाट पारित पश्चात राजपत्रमा प्रकाशन गरेको पाईएकोले राजपत्रमा प्रकाशन नभएका कानुनहरु पुनरावलोकन गरि कार्यपालिकाबाट पारित पश्चात आगामी आ.बमा राजपत्रमा प्रकाशन अनिवार्य गर्नुपर्ने देखिन्छ । पालिकाबाट निश्चित प्रतिशत महिला तथा लक्षित बर्गको लागि छुटाईएको नभएपनि केही हदसम्म बजेट छुटाई कार्यक्रम सम्पन्न भएको देखिन्छ । पालिकाबाट हुने नीति निर्माण देखि बार्षिक कार्यक्रम तर्जुमा,सहभागीता ,र अनुगमनमा अपांगमैत्री, बालमैत्री, महिलामैत्री, लैङ्गिकमैत्री हुने गरि लैङ्गिक दृष्टिकोणबाट सामान्य रुपमा हुने भएपनि लैङ्गिक सम्बेदनशिल अझै हुन नसकेको अवस्था रहेको देखिन्छ । कनकासुन्दरी गाउँपालिका अंक प्राप्ताङ्कको हिसावले उत्तम बर्गिकरणमा परेको भएपनि व्यवहारिक कार्यान्वयनको क्रममा अझै सुधार गर्नुपर्ने देखिन्छ । पालिकाले आगामी दिनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति २०७८/७९-०८३/८४ सम्मको पञ्चबर्षीय रणनीति बनाउनु पर्ने देखिन्छ भने लैससास नीति २०७८लाई कार्यपालिकाबाट पुनरावलोकन गरि राजपत्रमा प्रकाशन गर्नुपर्ने देखिन्छ । प्रतिबेदनमा प्राप्त भएका र थप सुधार गर्नुपर्ने बिषयहरु समेटिएको कार्ययोजना निर्माण गरि कार्यपालिकाबाट समेत पारित भई कार्यान्वयनमा लिन सकेमात्र महिला तथा लक्षितबर्गको हित हुने गरी लैङ्गिक संम्बेदनशिन भएको देखिन आउदछ । गाउँपालिकामा स्तनपान कक्ष,महिला,पुरुष तथा यौनिक अल्पसंख्यकहरुको लागि छुट्टा छुट्टै शौचालय,अपांगमैत्री, जेष्ठ नागरिकमैत्री भौतिक संरचना,लैङ्गिक डेस्कको व्यवस्था समेत गर्नुपर्ने देखिन्छ । कार्यशालामा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रतिबद्धता गरे बमोजिम पालिकाको नीति,योजना,कानून निर्माण,बजेट बिनियोजन,सहभागीता,अनुगमन लगायतका बिषयहरु नीतिले भने बमोजिम व्यवहारिक कार्यान्वय गरेमात्र महिला लगायत बन्चितिकरणमा परेका समुदाय मुलप्रवाहीकरणमा आएको मानिने र पालिका संम्बेदनशिल रहेको देखिने हुदा उक्त अवस्था सुधारका लागि जनप्रतिनिधि तथा कर्मचारीहरु सबैको जवाफदेहीताको खाचोको आवश्यकता रहेको निश्कर्ष रहेको छ ।

## १४. सुझावहरु:

- नीति,कानून तथा कार्यक्रम लैससासमैत्री निर्माण गरि सबैले अनुभुति गर्ने गरि सञ्चालन गर्नुपर्ने ।
- लैससास परीक्षण पश्चात आएका सवल पक्षको निरन्तरता र कमजोरी पक्षहरुलाई सुधारका लागि थप कार्ययोजना बनाएर अगाडी बढ्नुपर्ने ।
- कनकासुन्दरी गाउँपालिकाले गरेका कार्यक्रमहरुको बिषयमा पालिकावासीको सक्रिय सहभागीतामा सार्वजनिक सुनुवाईको माध्यमबाट जानकारी गराईनुपर्ने
- हरेक बर्ष कार्यबिधिले तोकिए बमोजिम पालिकाबाट निर्माण हुने नीति,कानुन, र योजना , बार्षिक बिकास कार्यक्रमहरु लैससासमैत्री भएनभएको बिषयमा पालिका भित्रको कुनै कर्मचारीबाट वा बिज्ञको सहयोग तथा सहजीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अभ्यास नियमित गनुपर्ने ।
- सुशासन,पार्दशिता,सेवामा सहज पहुँचका लागि सबै बिषयगत शाखा र जनप्रतिनिधिहरु जबाफदेही हुनुपर्ने ।
- पालिकाबाट सम्पन्न गरिएका बार्षिक कार्यक्रमहरुको स्थानीय रुपमा अभिलेखीकरण वा दस्ताबेजीकरण गरिनुपर्ने ।

- यस गाउँपालिकाले बनाएका झण्डै ५३ वटा कानूनहरु गाउँसभाबाट पारित भएको देखिएपनि निर्माण भएका धेरै जसो कानूनहरु राजपत्रमा प्रकाशन गर्ने कार्य नभएको हुदा राजपत्रमा प्रकाशन हुन बाँकी पारित भएका कानुन राजपत्रमा प्रकाशन गर्नुपर्ने ।
- लैङ्गिक समानतता तथा सामाजिक समाबेशी बिकासका लागि पालिकाले बजेट व्यवस्था गरि कार्यायोजना तर्जुमा गरि कार्यान्वयनको दौरानमा कम्तिमा बर्षमा दुइ पटक आधिकारीक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाउनुपर्ने । साथै सो का लागि आबश्यक बजेट पालिकाबाट नै व्यवस्था गरिनुपर्ने ।
- पालिकाबाट स्थानीय आवश्यत्ताको पहिचान गरि भौतिक बिकास तथा सामाजिक बिकासलाई सँग सँगै लैजानुपर्ने । यस्ता बिकासका कार्यक्रम र योजना निर्माण गर्दा लैससासको दृष्टिकोणले गर्नुपर्ने ।
- स्थानीय तहबाट आगामी दिनमा निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री,लैङ्गिकमैत्री,बालमैत्री बनाउनका लागि पालिकाले नीतिगत व्यवस्था गरि कार्यान्वयन गर्नुपर्ने ।
- गाउँपालिकामा स्तनपान कक्ष,महिला,पुरुष तथा यौनिक अल्पसंख्यकहरुको लागि छुट्टा छुट्टै शौचालय,अपांगमैत्री, जेष्ठ नागरिकमैत्री भौतिक संरचना,लैङ्गिक डेस्कको व्यवस्था समेत गर्नुपर्ने ।

## १५. अनुसूचीहरुः अभिमुखीकरण कार्यक्रमको अवधीमा लिएका संकलित छायाँचित्रहरु




**तस्विर नं १ : लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम समापन पश्चात लिएको सहभागीहरुको छायाँचित्र ।**







**तस्विर नं २ : लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण तथा लैससास रणनीति कार्यान्वयन सम्बन्धी ३ दिन अभिमुखीकरण कार्यममा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्यक्रममा सहभागीता ।**




तस्विर नं ३ : माथि उल्लेखित तस्विरहरुमा  बिभिन्न समुहकार्यमा सहभागी कनकासुन्दरी गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरु समुह कार्यगदै ।




तस्विर नं ४ : पालिकाका सवल पक्ष,सुधार्नुपर्ने पक्ष,अवसर र चुनौती सम्बन्धी समुह कार्यबाट संकलित सुचना तयार गरिएको प्रस्तुतीकरण प्रस्तुत गर्दै टोली नेताहरुको दृष्य ।




**तस्विर नं ५ : कनकासुन्दरी गाउँपालिकामा मिति २०८१ साल जेष्ठ २७ गते देखि २९ गते सम्म भएको कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोग,कर्णाली प्रदेश शाखा कार्यालयका कार्यालय प्रमुख धनराज शाही कार्यत्रललाई सहजीकरण गदै ।**




तस्विर नं ६: कार्यक्रमको अवधीमा प्राप्त भएका अंकलाई माकुरे जालोमा खिचिएको चित्र तथा मनोरञ्जन,व्यवस्थापक,प्रतिबेदक छनौटको छायाँचित्र



कनकासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिराट, जुम्ला

प.सं. २०८०/०८१
च.नं. ९६९६

कर्णाली प्रदेश, सुर्खेत

मिति: २०८१।०२।२१


श्री कार्यालय प्रमुख ज्यू,
राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला ।


विषय: कार्यक्रम सहजीकरण गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र कनकासुन्दरी गाउँपालिका जुम्लाको संयुक्त आयोजनामा मिति २०८१।०२।२७ गते देखि २०८१ ।०२।२९ गतेसम्म सञ्चालन हुने लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण (GESI Audit) र लैससास रणनिति कार्यान्वयन कार्यक्रमको अभिमुखिकरण ३ दिनको लागि सहजिकरण गरिदिन हुनको लागी अनुरोध गरिन्छ ।


दिपेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

तस्विर नं  नं ७: ३ दिने अभिमुखीकरण कार्यक्रममा सहजीकरणका लागि आयोगको कार्यालय जुम्ला कार्यालयलाई गरिएको पत्रको छायाँचित्र



तस्विर नं ८: लैससास परीक्षण तथा रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममा सहभागी सम्पुर्णजनप्रतिनिधि र कर्मचारीहरुको विवरण



**तस्विर नं ९: लैससास परीक्षण तथा रणनीति कार्यान्वयन सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रममा सहभागी जनप्रतिनिधि र कर्मचारीहरुको विवरण सहित लैससास कार्यान्वय समिति तथा कार्यदलका पदाधिकारीहरुको नामावली सहितको विवरण को छायाँचित्र :**